# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्ममा विस्तृत मुद्राप्रदाय १.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.६ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको आन्तरिक सम्पत्तिको विस्तारका कारण समीक्षा अवधिमा विस्तृत मुद्राप्रदायको वृद्धि भएको हो । विस्तृत मुद्राप्रदायको महत्वपूर्ण अंश आवधिक निक्षेप अघिल्लो वर्ष २.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.६ प्रतिशतले बढेको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) १.७ प्रतिशत (रू २ अर्ब ९७ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति १.२ प्रतिशत (रू १ अर्ब ६२ करोड) ले घटेको थियो । समीक्षा अवधिमा व्यापार घाटा अघिल्लो वर्षभन्दा बढेकोले खुद वैदेशिक सम्पत्ति घटेको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्ममा आन्तरिक कर्जा १.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा ०.१ प्रतिशतले घटेको थियो । निजी क्षेत्रतर्फको कर्जा प्रवाह अघिल्लो वर्ष १.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २.० प्रतिशतले बढेको र गैर सरकारी वित्तीय संस्थाहरूमाथिको दावी अघिल्लो वर्ष रू २४ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रू ३ अर्ब २४ करोडले बढेकोले आन्तरिक कर्जामा विस्तार आएको हो । वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा लगानी बढाएकाले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी बढेको हो ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ११ अर्ब ८० करोडले बढी २०६५ साउन मसान्तमा रू ४३३ अर्ब ३२ करोड पुगेको छ । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा २.२ प्रतिशत (७ अर्ब ४८ करोड) ले बढेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा उत्पादनतर्फको फलाम तथा स्टिलजन्य उद्योग, सेवा क्षेत्र र उपभोगतर्फको कर्जा उच्च रहेको छ । तरलता-निक्षेप अनुपात २०६५ असार मसान्तको ३५.८ प्रतिशतबाट केही घटी साउन मसान्तमा ३४.७ प्रतिशत हुन आएको छ ।

### तरलता व्यवस्थापन

५. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू ५ अर्ब ५० करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । कुल तरलता प्रशोचनमध्ये रू ३ अर्ब ५० करोड बराबरको तरलता सोझै

बिक्री बोलकबोल र रू २ अर्ब बराबरको तरलता रिभर्स रिपो बोलकबोलमार्फत प्रशोचन भएको छ। समीक्षा अवधिमा खुला बजार कारोवारका उपकरणमार्फत् तरलता प्रवाह भने भएको छैन।

६. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७ करोड ९ लाखको खुद खरीद गरी रू ५ अर्ब ३९ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। आर्थिक वर्ष २०६४/६५ को यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३ करोड ४५ लाख खुद खरिद गरी रू २ अर्ब २५ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो। विप्रेषण आप्रवाह वृद्धि वढेकोले समीक्षा अवधिमा विदेशी विनिमय वजारमा खरीद हस्तक्षेप वढी भएको हो।

७. समीक्षा अवधिमा अमेरिकी डलर १४ करोड बिक्री गरी भा.रू. ५ अर्ब ९७ करोड खरीद भएको छ। अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ९ करोड बिक्री गरी भा.रू. ३ अर्ब ६४ करोड खरीद भएको थियो। भारतसँगको व्यापार घाटा वृद्धि भएकोले समीक्षा अवधिमा भा.रु खरीद वढेको हो।

**अन्तर बैंक कारोवार**

८. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू २२ अर्ब ४३ करोड बराबरको अन्तर बैंक कारोवार गरेका छन्। अघिल्लो वर्षको यसै अवधिमा कुल रू ३५ अर्ब ४५ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो। समीक्षा अवधिमा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू १७ अर्ब १३ करोड उपयोग गरेका छन्। अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले उक्त सुविधाको उपयोग गरेका थिएनन।

**अल्पकालीन व्याजदर**

९. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा ९१ दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ५.१७ प्रतिशत रह्यो। अघिल्लो वर्षको यसै अवधिमा सो ऋणपत्रको मासिक औसत व्याजदर ४.२५ प्रतिशत रहेको थियो। अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर ४.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.१५ प्रतिशत पुगेको छ। त्यस्तै, समीक्षा अवधिमा एक वर्षको मुद्दती निक्षेपको अधिकतम व्याजदर ७.२५ प्रतिशत तथा २ वर्ष र सो भन्दा माथिको मुद्दती निक्षेपको अधिकतम व्याजदर ७.७५ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा ती व्याजदरहरु क्रमश: ५ प्रतिशत र ५.५ प्रतिशत रहेका थिए।

**धितोपत्र बजार**

१०. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकांक ५३.७ प्रतिशतले बढेर २०६५ साउन मसान्तमा १०८४.७६ विन्दुमा पुगेको छ। यो सूचकांक २०६४ साउन मसान्तमा ७०५.९६ थियो।

Formatted

११. २०६५ साउन मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ११९.३ प्रतिशतले वृद्धि भई रु.४२३ अर्ब ६७ करोड पुगेको छ। परिणामस्वरुप २०६५ साउन मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४४.८ प्रतिशत पुगेको अनुमान छ। २०६४ साउन मसान्तमा यस्तो अनुपात २३.५ प्रतिशत रहेको थियो।

१२. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३९.४० प्रतिशत रही २०६५ साउन मसान्तमा रु.३० अर्ब ५७ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूजीमा वृद्धि भएको हो । २०६५ साउन महिनामा रु. १ करोड ५० लाख बोनस शेयर, रु. १ अर्ब ५ करोड ७४ लाख हकप्रद शेयर, रु. १५ अर्ब १६ करोड साधारण शेयर र रु. १ अर्ब १५ करोड बराबरको ऋणपत्र गरी जम्मा रु. १७ अर्ब ३८ करोड २४ लाख बराबरको धितोपत्र रकम सूचीकृत भएको छ । उक्त बृद्धि रकम मध्ये सबभन्दा ठूलो हिस्सा साधारण शेयरको ८७.२१ प्रतिशत रहेको छ । नेपाल टेलिकमको रु. १५ अर्ब बराबरको शेयर सूचीकृत भएको कारण साधारण शेयरको अंशमा वृद्धि देखिएको हो ।

१३. २०६५ साउन मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.७० प्रतिशत रहेको छ । यस्तो अनुपात २०६४ साउन मसान्तमा ०.८९ प्रतिशत थियो ।

१४. २०६५ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४४ रहेको छ । २०६४ साउन मसान्तमा यो संख्या १३६ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११३ वटा वित्तीय संस्था (बिमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

**१५.** शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ साउन मसान्तमा ९७.७ रहेकोमा २०६५ साउन मसान्तमा ११२.३ पुगेको छ ।

१६. आर्थिक वर्ष २०६५।६६ को पहिलो महिनामा नेपाल धितोपत्र वोर्डले एउटा वित्तीय संस्थालाई १ करोड ४० लाख वरावरको हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ ।

## मुद्रास्फीति र तलव तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१७. २०६५ साउनमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १३.१ प्रतिशत रहेको छ । २०६४ साउनमा यस्तो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १३.४ प्रतिशतले र गैरखाद्य तथा सेवा समूह १२.७ प्रतिशतले वृद्धि भएको कारण समग्र उमभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको हो । अघिल्लो वर्ष यी समूहहरुको मूल्य वृद्धि क्रमशः ९.७ प्रतिशत र २.८ प्रतिशत रहेको थियो ।

१८. २०६५ साउनमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये खाने तेल तथा घ्यू, खाद्यान्न, दलहन, चिनी तथा चिनीजन्य पदार्थ, रेष्टुरेन्ट खाना, माछामासु तथा फुल उपसमूहहरुको मूल्य वृद्धि दुई अङ्कको रहेको छ । दुई अङ्कले मूल्य वृद्धि हुने वस्तुहरुमध्ये खाने तेल तथा घ्यू उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि सवैभन्दा बढी ३६.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्य वृद्धि ११.४ प्रतिशत रहेको थियो । यसैगरी खाद्यान्न उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि २३.५ प्रतिशत रहेको छ । २०६४ साउनमा यस उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि ८.० प्रतिशत रहेको थियो । यस उपसमूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि २७.८ प्रतिशत रहेको छ । २०६४ साउनमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि ७.० प्रतिशत रहेको थियो । २०६५ साउनमा दुई अङ्कले मूल्य वृद्धि

भएका अन्य वस्तुहरुमा दलहन, चिनी तथा चिनीजन्य पदार्थ, रेष्टुरेन्ट खाना, माछामासु तथा फुल उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः १९.४ प्रतिशत, १८.२ प्रतिशत, १४.३ प्रतिशत र १२.१ प्रतिशत रहेको छ।

१९. २०६५ साउनमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात तथा सञ्चार, घरायसी वस्तु तथा सेवा सुर्ती तथा सुर्तीजन्य वस्तु उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि प्रतिशत दुई अङ्कको रहेको छ। समीक्षा अवधिमा यी उमसमूहहरुको मूल्य वृद्धि क्रमशः २३.१ प्रतिशत, १८.१ प्रतिशत र १२.७ प्रतिशत रहेको छ।

२०. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाण्डौमा सबैभन्दा बढी १३.५ प्रतिशत मूल्य वृद्धि भएको छ भने तराईमा १३.१ प्रतिशत र पहाडमा १२.४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ५.८ प्रतिशत, ६.८ प्रतिशत र ६.१ प्रतिशत रहेको थियो।

२१. २०६५ साउनमा वार्षिक बिन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १०.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ५.५ प्रतिशत रहेको थियो।

**थोक मुद्रास्फीति**

२२. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ साउनमा १२.४ प्रतिशत रहेकोमा २०६५ साउनमा ११.२ प्रतिशत रहेको छ। समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, स्वदेशी उत्पादित वस्तु तथा आयातीत वस्तुहरुको मूल्य क्रमशः २.० प्रतिशत, १५.४ प्रतिशत र २४.९ प्रतिशतले वृद्धि भएको छ। गतवर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः २०.० प्रतिशत, ७.७ प्रतिशत र ३.४ प्रतिशतले वृद्धि भएको थियो। आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि भएता पनि कृषिजन्य वस्तु अन्तर्गत नगदेवाली र फलफुल तथा तरकारीको मूल्यमा उच्च ह्रास आएकाले थोक मूल्यमा सुधार भएको छ।

२३. २०६५ साउनमा कृषिजन्य वस्तुहरुमध्ये दलहनको वार्षिक बिन्दुगत मूल्य वृद्धि २२.२ प्रतिशत, खाद्यवस्तु २०.२ प्रतिशत, पशुजन्य आहार १५.२ प्रतिशत र मरमसलाको १३.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य वृद्धि क्रमशः १६.१ प्रतिशत, १०.३ प्रतिशत, ३.४ प्रतिशत र ११.८ प्रतिशत रहेको थियो। २०६४ साउनमा फलफूल तथा तरकारी र नगदेवालीको मूल्य क्रमशः ४७.० प्रतिशत र ३०.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः १५.० प्रतिशत र २८.३ प्रतिशतले ह्रास भएको छ।

२४. २०६५ साउनमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये निर्माण सामग्री र खाद्यजन्य वस्तुको मूल्य क्रमशः २८.७ प्रतिशत र १६.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो वृद्धि क्रमशः १०.९ प्रतिशत र ९.८ प्रतिशत रहेको थियो।

२५. आयातीत वस्तुहरुमध्ये २०६५ साउनमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सबैभन्दा बढी ३९.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि २.१ प्रतिशत रहेको थियो। यसैगरी, २०६५ साउनमा यातायात तथा मेशिनरी वस्तुहरु र रासायनिक मल तथा रासायनिक वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ३२.३ प्रतिशत र १२.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ३.५ प्रतिशत र ८.५ प्रतिशत रहेको थियो।

**राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क**

२६. २०६५ साउन महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ८.१ प्रतिशतले वृद्धि भएको छ । २०६४ साउनमा सो सूचकाङ्क १२.४ प्रतिशतले बढेको थियो । तलव तथा ज्यालदर सूचकाङ्कमध्ये तलव उपसूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर समीक्षा अवधिमा ०.१ प्रतिशत रहेको छ । यस्तो सूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा ११.० प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको वृद्धिको आधार प्रभाव समाप्त भएकोले यस अवधिमा तलव सूचकाङ्कमा सुधार आएको हो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा ११.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १२.८ प्रतिशतले बढेको थियो । २०६५ साउनमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १७.६ प्रतिशत, २.८ प्रतिशत र ६.२, प्रतिशतले  वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः ७.७ प्रतिशत, २१.४ प्रतिशत र ११.९ प्रतिशतले वृद्धि भएको थियो

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/ बचत स्थिति

२७. आर्थिक वर्ष २०६५/६६ मा सरकारी बजेट रु २ अर्व ६५ करोडले बचतमा रहेको छ । सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट समीक्षा अवधिमा बचतमा रहेको हो । अघिल्लो वर्ष पनि सरकारी बजेट रु रु.३ अर्व ५८ करोडले बचतमा थियो ।

### सरकारी खर्च

२८. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १०७.० प्रतिशतले वृद्धि भई रु.७ अर्व ५३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च २५.३  प्रतिशतले बढेको थियो । चालू खर्च र फ्रीज खर्चमा भएको वृद्धिको कारण कुल सरकारी खर्चको वृद्धि दरमा विस्तार आएको हो ।

२९. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २५.९ प्रतिशतले वृद्धि भई २०६५ असार मसान्तमा रु.१ अर्व ५६ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च ६३.८ प्रतिशतले बढेको थियो । विस्तारित संसद व्यवस्थापन, नियमित सरकारी प्रशासनिक खर्च, र द्वन्द व्यवस्थापनसम्बन्धी सरकारी खर्च बढेकोले समीक्षा अवधिमा चालू खर्चमा वृद्धि भएको हो ।

### सरकारी राजस्व

३०. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा नेपाल सरकारको राजस्व परिचालन ८.२ प्रतिशतले वृद्धि भई रु.७ अर्व ७२ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा राजस्व ४१.२ प्रतिशतले बढेको थियो । आयकर, भन्सार र मूल्य अभिवृद्धि कर राजस्वमा भएको वृद्धिका कारण समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

३१. आयकर, भन्सार र मूल्य अभिवृद्धि कर राजस्वको वृद्धि समीक्षा अवधिमा उच्च रहेको छ भने अन्य राजस्वको वृद्धिदरमा कमी आएको छ । गैरकर राजस्व समीक्षा अवधिमा ५६.० प्रतिशतले घटेको छ

**वैदेशिक नगद ऋण र अनुदान**

३२. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु २० करोड १९ लाख र वैदेशिक नगद अनुदानवापत् रु.१ अर्व ८३ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.१२ करोड ७७ लाख र रु.३५ करोड ९३ लाख प्राप्त भएको थियो ।

**वाह्य क्षेत्र**

**वैदेशिक व्यापार**

३३. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा कुल निर्यात २.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात १३.३ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ९.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २०.७ प्रतिशतले ह्रास भएको छ भने अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २२.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४६.० प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ ।

३४. भारततर्फ मुख्यतया वनस्पति घ्यू, धागो, जुटका सामान, रसायन र कपडाको निर्यात घटेको कारण त्यसतर्फको निर्यात घटेको हो । अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, पश्मिना, छाला र जडीबुटीको निर्यातमा वृद्धि आएको कारण त्यसतर्फको निर्यात बढेको हो ।

३५. अघिल्लो वर्षको पहिलो महिनामा ११.७ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा ३१.४ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १६.३ प्रतिशतले बढेकोमा यस वर्ष थप २६.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ४.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३९.३ प्रतिशतले वृद्धि भएको छ ।

३६. भारतबाट मुख्यतया हट रोल्ड शीट इन क्वाइल, धागो, सवारी साधन तथा पाटपुर्जा, एम.एस. वायर रड तथा अन्य मेशिनरी तथा पूर्जा एवं अन्य मुलुकबाट विशेषगरी दूरसञ्चारका सामग्री तथा पूर्जा, कपडा, कम्प्यूटर तथा पाटपूर्जा, अन्य मेशिनरी तथा पाटपूर्जा र हवाइजहाजका पाटपूर्जाको आयातमा वृद्धि आएकोले आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा कुल आयात बढेको हो ।

**शोधनान्तर**

३७. आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. २ अर्व ९७ करोडले घाटामा रहेको छ । यसमध्ये रु. ७८ करोड चालु खाता घाटा रहेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो महिनामा रु. १ अर्व ६२ करोडले शोधनान्तर घाटामा रहेको थियो जसमध्ये चालू खाता घाटा रु. १ अर्व ४६ करोड रहेको थियो । आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनामा खुद ट्रान्सफर ६४.७ प्रतिशतले बढेतापनि व्यापार घाटामा वृद्धि तथा खुद सेवा आयमा ह्रासका कारण समीक्षा अवधिमा चालु खाता घाटामा रहेको हो । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह समीक्षा अवधिमा ४३.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २१.४ प्रतिशतले बढेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

३८. २०६५ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा ३.३ प्रतिशतले घटी रु. २०५ अर्ब ६० करोडमा सीमित रह्यो । २०६४ साउन मसान्तमा यस्तो सञ्चिति ०.१ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा भने २०६५ असारदेखि साउन मसान्तसम्ममा कुल सञ्चिति ३.४ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्वमा सीमित हुन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १.६ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६५/६६ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.४ महिनाको वस्तु आयात र ६.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

३९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७०.५१ रहेकोमा २०६५ साउन मसान्तमा ५६.१ प्रतिशतले बढी प्रति व्यारल अमेरिकी डलर ११०.०८ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६४ साउन मसान्तको तुलनामा २०६५ साउन मसान्तमा १९.६ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६५७.५० बाट अमेरिकी डलर ७८६.५० पुगेको छ ।

४०. २०६५ असार मसान्तको तुलनामा २०६५ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.०७ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.५५ प्रतिशतले अवमूल्यन भएको थियो । २०६४ साउन मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु. ६५.८७ रहेको थियो भने २०६५ साउन मसान्तमा उक्त विनिमय दर रु. ६८.५५ पुगेको छ ।